# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ७४) काठमाडौं, साउन १० गते, २०८१ साल (अतिरिक्ताङ्क १९(क)**


## भाग ३

### नेपाल सरकार

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना

**नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१**

नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस आदेशको नाम "नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) आदेश, २०७७ को दफा २५ मा संशोधन</u>:** नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) आदेश, २०७७ को दफा २५ को उपदफा (१) मा रहेका "तीन वर्ष" भन्ने शब्दहरुको सट्टा "चार वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**डा. दिपक काफ्ले**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।